सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बड्डाँडा,प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बड्डाँडा प्यूठान लुम्बिनी प्रदेश, नेपाल २०७३

प.सः २०८०।०८१

च.न. १३५०

मितिः२०८०।११।१४

श्री वडा कार्यालयहरु सबै ।

श्री बिषयगत शाखाहरु सबै ।

सरुमारानी गाउँपालिका, प्यूठन ।

**बिषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस सरुमारानी गाउँकार्यपालिकाका मिति २०८०।११।१० गतेको बैठकहका निर्णय प्रतिलिपिहरु आवश्यक जानकारी एवं कार्यान्वयनका लागि यसै पत्र साथ संलग्न राखी पठाईएको ब्यहोरा अनुरोध छ ।

२०८०।११।१४

..........................

(देविराम पाठक)

प्रमुख प्रशासकीय अधिकृत

देविराम पाठक प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
कार्यपालिकाको कार्यालय
बड्डाँडा प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झण बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

# सरुमारानी गाउँपालिका, कार्यपालिकाको तेत्तिसौ बैठकका प्रस्तावहरु

## मिति २०८०।११।१० गते

१. लुम्बिनी प्रदेशको विशेष अनुदानको प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

२. सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

३. खोपकेन्द्र भवन निर्माण सम्बन्धमा ।

४. आर्थिक विकास समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

५. पकेट निरन्तरता कार्यक्रम स्वीकृत सम्बन्धमा ।

६. योजना संशोधन/रकमान्तर सम्बन्धमा ।

७. विविध सम्बन्धमा ।

- विभिन्न मूल्यांकन कार्यविधिहरुको अभिमुखिकरण सम्बन्धमा ।
- गाउँसभा बैठक मिति सम्बन्धमा ।
- मगर दिवशको उपलक्ष्यमा सार्वजनिक विदा सम्बन्धमा ।
- जग्गा खरिद रकम सम्बन्धमा ।

सरुमारानी गाउँपालिका
कार्यपालिकाको कार्यालय
बड्डाँडा प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

झण बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

## बैठक संख्या-३३

## गाउँकार्यपालिकाको तेत्तिसौं बैठकका निर्णयहरु-२०८०।११।१० गते

**निर्णय नं. १ विशेष अनुदान तर्फको आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा लुम्बिनी प्रदेश योजना आयोगको सचिवालय, राप्ती उपत्यका (देउखुरी), नेपालको मिति २०८०/११/०८ गतेको विशेष अनुदान तर्फको आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना अनुसार यस गाउँपालिकाको पहिलो प्राथमिकतामा रहेका विपन्न परिवार/पिछडिएको समूदायका ब्यक्तिहरुको फुसका घरहरुलाई जस्तापाता लगाउने कार्यमा केही घर बाकी रहेकोले सबै वडाहरुलाई क्रमशः फुसका छाना मुक्त घोषणा हुने गरी **पिछडिएको समूदाय उत्थान (खर/फुसका छाना विस्थापन) कार्यक्रम/आयोजनाको** रु. ५०,००,०००/- बजेटको प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।**

प्रस्ताव न. २ माथि छलफल गर्दा संघीय सरकारको सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत आ.ब. २०७/०७८ मा सुरक्षित नागरिक आवास समन्वय समितिको मिति २०७७।११।११ गते र २०७८/३/२५ गतेको बैठकबाट स्वीकृत/संशोधित २०० घरधुरी मध्ये बाकी रहेका घरधुरीमा जस्तापाता लगाउन बाँकी रहेकोले उक्त घरधुरीमध्ये विपन्न परिवारलाई प्राथमिकताको आधारमा चालू आ.ब. २०८०।०८१ मा विनियोजित बजेट रु. २६,००,०००/- बाट कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो । सबै वडाहरुले २०० घरधुरी मध्ये बाकी रहेका घरधुरीहरु प्राथमिकताका आधारमा छनौट गरी वडा समितिको निर्णय सहित २०८० फागुन २० गते भित्र गाउँपालिकामा विवरण पठाउने निर्णय गरियो ।साथै उक्त २०० घरधुरीमा जस्तापात लगाउन बाकी नरहेको भए थप घरधुरी छुट्टाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ खोपकेन्द्र भवन निर्माण सम्बन्धमा ।**

प्रस्ताव न. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको चालू आ.ब.२०८०।०८१ को बार्षिक स्वीकृत कार्यक्रम अन्तरगत २ वटा खोपकेन्द्र भवन निर्माण कार्यक्रमबाट वडा नं. ६ को पाङ्वाङ्ग र वडा नं. ४ को डुवरुङ्गे बस्तीमा खोप केन्द्र भवन निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ आर्थिक विकास समितिको निर्णय अनुमोदन सम्बन्धमा ।**

प्रस्ताव न. ४ माथि छलफल गर्दा यस गाउँपालिका अन्तरगत गठित आर्थिक विकास समितिको मिति २०८०।१०।२८ गतेको निर्णय नं. २- कोरेली पाडी वितरण कार्यक्रमका अनुदानग्राही कृषक सिफारिस, निर्णय न. ३-मोटर/पाईप वितरण कार्यक्रमका अनुदान ग्राही कृषक सिफारिस, निर्णय न. ४- बाख्रा प्रवर्दन कार्यक्रम संचालन कार्यक्रमको बजेट बाँडफाँड र निर्णय नं. ५- बादर धपाउने

यन्त्र/उपकरण वितरण कार्यक्रमका अनुदान ग्राही कृषक छनौट सिफारिस विषयको प्रस्ताव तथा निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ पकेट निरन्तरता कार्यक्रम स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.ब.२०८०।०८१ को संघीय सशर्त कार्यक्रम अन्तर्गत प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत आ.ब. २०७९।०८० मा स्थापना भएको मकैवाली पकेट निरन्तरताका लागि गत बर्ष स्थापना भएको लालि गुँरास कृषि तथा पशुपालन कृषक समूह सरुमारानी-६ धौलावाङ्गलाई नै छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ योजना संशोधन/रकमान्तर सम्बन्धमा ।**

प्रस्ताव न. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको चालू आ.ब. २०८०।०८१ को बार्षिक स्विकृत कार्यक्रम अन्तरगत तपशिलका योजना तथा कार्यक्रमहरु यस पछि बस्ने गाउँसभावाट अनुमोदन हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | योजना/कार्यक्रमको नाम | ठेगना | विनियोजित बजेट रु | संशोधित योजना तथा कार्यक्रमको नाम | ठेगना | संशोधित बजेट रु. |
|---|---|---|---|---|---|---|
| १ | ढावटोल मोटरबाटो निर्माण योजना | वडा न. ३ | ५०,०००।- | पालुथान स्कुलगेट नयाँट्रयाक निर्माण योजना | वडान. ३ | ५०,०००।- |
| २ | सहकारी वित्तिय साक्षरता कार्यक्रम | गा.पा. | १,००,०००।- | कृषि हाते औजार खरिद । | गा.पा. | १,००,०००।- |

**निर्णय नं. ७ विविध सम्बन्धमा ।**

- **विभिन्न मूल्यांकन कार्यविधिहरुको अभिमुखिकरण सम्बन्धमा ।**
  नेपाल सरकारका विभिन्न मूल्यांकन कार्यविधिहरुको अभिमुखिकरण कार्यक्रम गाउँकार्यपालिकाका सदस्यहरु र शाखा प्रमुखहरुको लागि २०८० फागुन २० र २१ गते गर्ने निर्णय गरियो ।

- **गाउँसभा बैठक मिति सम्बन्धमा ।**
  सरुमारानी गाउँपालिकाको दोश्रो गाउँसभाको चौथो अधिबेशनको दोश्रो बैठक २०८० फागुन ३० गते बहुउदेश्यीय सभाहलमा गर्ने निर्णय गरियो ।

- **मगर दिवशको उपलक्ष्यमा सार्वजनिक विदा सम्बन्धमा ।**
  यहि मिति २०८०।११।१५ गते मगर दिवशको उपलक्ष्यमा गाउँपालिका भित्र सार्वजनिक विदा दिने निर्णय गरियो ।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

ऋग बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष

- **जग्गा खरिद रकम सम्बन्धमा ।**

  २०७९ सालको बेमौसमी बर्षाका कारणले घरजग्गा पुरिन गई घरनिर्माण गरिने जमिन विहिन भएका वडा न. ६ का श्री मोहन बहादुर पुन मगर र खडकबहादुर पुन मगरलाई जग्गा खरिदको वापत प्रति ब्यक्ति रु. २,००,०००/- का दरले विपद ब्यबस्थापन कोष/प्रकोप ब्यबस्थापन कोषबाट रकम उपलब्ध गराउने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो

प्रमाणिकरण मिति २०८०/११/१०

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

ऋग बहादुर विश्वकर्मा
गा.पा.अध्यक्ष